टंकमणि शर्मा (दंगाल)
महालेखापरीक्षक

फोन न.: ४२६२९५८
फ्याक्स : ९७७-१-४२६८३०९
पोष्ट बक्स नम्बर १३३२८
बबरमहल काठमाण्डौ, नेपाल

## माननीय महालेखापरीक्षक श्री टंकमणि शर्मा, दंगालको सन्देश

**प्रिय कर्मचारी मित्रहरु,**

आज २०७८ साल जेष्ठ ८ गते । आजकै दिन २०७४ साल जेष्ठ ८ गते नेपालको संविधान बमोजिम सम्माननीय राष्ट्रपतिज्यूबाट नेपालको महालेखापरीक्षकमा नियुक्ति भई मैले कार्यभार सम्हालेको दिन हो । नेपालको महालेखापरीक्षकको छ बर्षको कार्यकाल मध्ये आज मेरो चौथो बर्ष पुरा भई पाँचौं बर्षमा प्रवेश गरेको छ । यस अवधिमा मलाई मेरो जिम्मेवारी निर्वाह गर्न अहोरात्र खटिई सहयोग गर्ने कार्यालयका उप-महालेखापरीक्षकहरु, नायव-महालेखापरीक्षकहरु, निर्देशकहरु, लेखापरीक्षण अधिकारीहरु लगायत सबै कर्मचारी वर्गमा हार्दिक धन्यवाद दिन चाहन्छु । तपाईहरुको सहयोग, सद्भाव, सुझाव र सहकार्यको उच्च कदर गर्दै आगामी दिनहरुमा पनि सदा झैं सहयोग प्राप्त हुने अपेक्षा लिएको छु ।

अहिले हामी गतबर्ष देखि नै विश्वव्यापी रुपमा आएको कोभिड १९ महामारीको चपेटामा परेको छौं । विश्वभर लाखौं मानिसको ज्यान गईसकेको छ भने करोडौं मानिस यसको संक्रमणबाट ग्रस्त भएका छन् । नेपालमा पनि ६ हजार भन्दा बढी मानिसको ज्यान गईसकेको छ र लाखौं मानिस संक्रमणको जोखिममा रहेका छन् । हाम्रो आफ्नै कार्यालयका कतिपय कर्मचारीहरु र कर्मचारीका परिवार समेत संक्रमित भएका छन् । जिल्ला जिल्लामा लेखापरीक्षण डोरमा खटी गएका कर्मचारी संक्रमित भई उद्धार गर्नुपरेको अवस्था समेत छ । त्यसैले यस विषम परिस्थितिमा कोभिड १९ को संक्रमणमा परी उपचाररत कर्मचारी तथा तीनका परिवारजनको शिघ्र स्वास्थ्य लाभको कामना गर्दछु । साथै तोकिएका स्वास्थ्य मापदण्डहरुको पालना गर्दै आफू तथा आफ्नो परिवारको स्वास्थ्य प्रति सजगता अपनाउन समेत सबैमा आग्रह गर्दछु ।

**प्रिय कर्मचारी मित्रहरु**

महालेखापरीक्षक नेपालको संविधान बमोजिम संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालय, तीनै तहका सरकारको पूर्ण स्वामित्व भएका संगठित संस्थाहरु र अधिकांश स्वामित्व भएका संगठित संस्थाहरुको लेखा नियमितिता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारीता र औचित्य समेतको दृष्ट्रिकोणले परीक्षण गर्ने निकाय हो । महालेखापरीक्षकलाई लेखापरीक्षण ऐनले यी निकायहरुको लेखापरीक्षण गर्न,

त्यसबाट प्राप्त भएको तथ्य दर्शाउन, त्यसमा विवेचना तथा आलोचना गर्न र आर्थिक विवरण उपर आवश्यकता अनुसार राय सहितको प्रतिवेदन जारी गर्न सक्ने अधिकार दिएको छ ।

संवैधानिक र कानूनी व्यवस्था अनुसार महालेखापरीक्षकको कार्यालयले स्थापनाकाल देखि नै सार्वजनिक क्षेत्रमा जिम्मेवारी र जवाफदेहिता अभिवृद्धि गर्दै आर्थिक अनुशासन कायम गर्न गराउन महत्वपूर्ण भूमिका निर्वाह गर्दै आएको छ । मेरो यो चार बर्षको कार्यावधिमा समेत महालेखापरीक्षकको कार्यालयले निष्पक्ष एवं स्वतन्त्रपूर्वक कार्यसम्पादन गरी सार्वजनिक श्रोत र साधनको मितव्ययी, दक्ष र प्रभावकारी उपयोगको लागि प्रशस्त योगदान गरेको छ । यस अवधिमा कार्यालयले सर्वोच्च लेखापरीक्षण संस्थाहरुको एसियाली संगठन (एसोसाई) को गभर्निङ्ग बोर्डमा रहेर काम गरेको छ । साथै सार्वजनिक क्षेत्रको लेखापरीक्षणका सम्बन्धमा राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा भएका कार्यक्रमहरुमा कार्यालयले सक्रियरुपमा सहभागी हुने वा प्रतिनिधित्व गर्ने गरेको छ । यस अवधिमा कार्यालयले राष्ट्रिय तथा अन्तराष्ट्रियस्तरमा  स्पष्ट पहिचान सहितको उपस्थिति जनाउदै आएको छ । महालेखापरीक्षकको प्रतिष्ठा र मर्यादा कायम राख्न एवं थप उचाईमा पुऱ्याउन हामी अझै बढी चनाखो र क्रियाशील हुनुपर्दछ ।

यो चार बर्षको अवधिमा मैले आफ्नो कार्यभार सम्हाल्ना साथ सार्वजनिक गरेको महालेखापरीक्षकको छ बर्षे कार्ययोजना र कार्यालयका अन्य आवधिक तथा रणनीतिक योजनाहरुका आधारमा नेपालको संविधान र लेखापरीक्षण ऐनले निर्दिष्ट गरेका कार्यहरु सम्पादन गर्न हामी क्रियाशिल रहेका छौं । कोभिड १९ महामारीका कारणले गत एक बर्ष देखि सामान्य र नियमित काम-कारबाही देखि बाहेक अन्य विशेष सुधार गरी फड्को मार्ने प्रकृतिका काम सम्पादन गर्न कठिनाई भएको छ । तथापी यस अवधिमा संगठनात्मक व्यवस्था र कार्यप्रणाली, जनशक्ति र भौतिक पूर्वाधारको व्यवस्था, लेखापरीक्षण प्रकृया, प्रणाली र गुणस्तर, नीतिगत तथा कानूनी, वित्तिय अनुशासन तथा जवाफदेहिता, संस्थागत सम्बन्ध तथा सञ्चार तथा अन्तर्राष्ट्रिय सम्बन्ध लगायतका विषयमा भईरहेको सुधारका कार्यहरुबाट सन्तोषजनक उपलब्धी प्राप्त भएको महशुस गरेको छु । यस अवधिमा सम्पादित प्रमुख कार्यहरुको छुट्टै विवरण कर्मचारीहरु बीच सर्कुलर गर्नुका साथै कार्यालयको वेभसाईटमा समेत राखिएको छ ।

यो चार बर्षको अवधिमा मैले नेपालको संविधानको धारा २४१ बमोजिमका निकायहरुको लेखापरीक्षण सम्पन्न गरी धारा २९४(१) अनुसार सम्माननीय राष्ट्रपतिज्यू समक्ष तीन वटा बार्षिक प्रतिवेदनहरु प्रस्तुत गरिसकेको छु । मेरो कार्यकालको चौंथो बार्षिक प्रतिवेदन, २०७८ आगामी असार मसान्त भित्रमा पेश गर्ने कार्यतालिका रहेको छ । यस अवधिमा प्रदेश सरकार र स्थानीय तहका दुईवटा प्रतिवेदन प्रस्तुत तथा जारी भएका छन् । अहिले हामी महालेखापरीक्षकको ५८औं बार्षिक प्रतिवेदन तयारीको चरणमा छौं । अहिले कोभिड १९ को विश्वव्यापी प्रकोपको कारण नेपालमा पनि तिब्रगतिले महामारी वृद्धि भई हाल हामी लकडाउन र निषेधाज्ञाको अवस्थामा रहेका छौं ।  परिस्थिति सहज भएमा महालेखापरीक्षकको ५८ औं बार्षिक प्रतिवेदन २०७८ असार मसान्त भित्र पेश गर्ने कार्यतालिका यथावत् रहेको छ । हाल निषेधाज्ञाको अवधिमा भौतिक रुपमा कार्यालयमा उपस्थिति भई कार्यसम्पादन गर्न नसके पनि भर्चूअल रुपमा लेखापरीक्षण प्रतिवेदन तयारी सम्बन्धी  कार्यहरु भईरहेका छन् । विद्युतिय माध्यमबाटै

गर्न सकिने जति काम सम्पादन गरी सकभर निर्धारित कार्यतालिका भित्र प्रतिवेदन पेश गर्ने प्रयत्न जारी रहेकोले यसमा सक्रियतापूर्वक आ-आफ्नो जिम्मेवारीको कार्यसम्पादन गर्न सबै कर्मचारी मित्रहरुलाई आग्रह गर्दछु ।

**प्रिय कर्मचारी मित्रहरु**

महालेखापरीक्षकको कार्यालयको कार्यसम्पादनमा चूनौतीहरु थपिएका छन् । हामीसँग उपलब्ध सिमित मानवीय तथा भौतिक क्षमताबाट सार्वजनिक क्षेत्रको आर्थिक कारोबारमा भएको वृद्धि, वर्तमान आर्थिक अनुशासन पालनाको अवस्था र कोरोना महामारी जस्ता समस्याहरुले उत्पन्न परिस्थितिको सामना गर्न थप चूनौती देखिएको छ। यस परिस्थितिमा नेपालको संविधानले निर्दिष्ट गरेको जिम्मेवारी प्रभावकारी ढंगबाट सम्पादन गर्न हाम्रो संगठननात्मक व्यवस्था र जनशक्ति, कार्य प्रणाली र कार्य प्रक्रिया, नीति र योजनाहरु, कार्य संस्कृति र संस्कारमा आमूल परिवर्तन गर्नुपर्ने आवश्यकता देखिएको छ। विगतको जस्तो परम्परागत शैली र तौर तरिकाबाट मात्र अब अपेक्षित र नतिजामुलक कार्यसम्पादन गर्न सम्भव नहुने अवस्था रहेको छ । आजको विज्ञान प्रविधिको युगमा हामी अझै पनि सार्वजनिक निकायहरुका ढोका ढोकामा गई लेखापरीक्षण गरिरहेका छौं । यस्तो प्रचलन कदापी समय सान्दर्भिक होइन भनी मैले धेरै अघि देखि नै भन्दै आएको छु। त्यसैले हाम्रो समग्र कार्य प्रणाली र प्रक्रियालाई सूचना प्रविधिको माध्यममा रुपान्तरण नगरे सम्म हाम्रो कार्य सम्पादन स्थिति र त्यसको गुणस्तरमा तात्विक परिवर्तन हुन नसक्ने मेरो ठम्याई रहेको छ ।

हाम्रा काम-कारबाहीलाई सूचना प्रविधिमा आधारित बनाउन यस भन्दा अगाडी पनि प्रयासहरु नभएका होइनन् । तर ती प्रयासहरु विविध कारणले कामयाव हुन सकेनन् । अहिले हाम्रो लेखापरीक्षणको मुख्य कामलाई सूचना प्रविधिको माध्यमबाट सम्पादन गर्न नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) को सफ्टवेयर तर्जुमाको चरणमा रहेको छ । हामी यसै बर्षको लेखापरीक्षण चरणमा पाईलटिङ्ग गरी आगामी आर्थिक बर्ष देखि विद्युतिय माध्यमबाट लेखापरीक्षण गर्ने योजनामा छौं । यसमा हाम्रा सबै कर्मचारीको विद्युतिय प्रणालीमा कार्यसम्पादन गर्न सक्ने गरी क्षमता विकास हुन जरुरी छ । निकट भविष्यमा यस सम्बन्धी तालिम तथा प्रशिक्षणको पनि व्यवस्था हुनेछ । कर्मचारी मित्रहरु स्वयं समेत अग्रसर भई आफ्नो कार्यक्षमतामा समयानुकुल अभिवृद्धि गरी प्रविधीमैत्री बनाउन समेत यहाँहरु सबैमा हार्दिक आग्रह गर्दछु ।

नेपालको संविधानले निर्दिष्ट गरेका सिद्धान्तहरुलाई अंगीकार गरी लेखापरीक्षणको प्रभाव अभिवृद्धिका लागि वित्तीय र परिपालना लेखापरीक्षणको अलावा कार्यमुलक, सूचना प्रविधि, दिगो विकास तथा वातावरण, लैंगिक, विधि विज्ञान जस्ता विविध विषयहरुको नियमित र सामयिक रुपमा विशेष लेखापरीक्षणमा जोड दिइने नीति लिइएको छ । यसै बर्ष पनि कार्यमुलक र विशेष लेखापरीक्षणको संख्या

वृद्धि गरिएको छ । कोभिड १९ को रोकथाम तथा सोसँग सम्बन्धित विषयमा भएका कृयाकलाप र खर्चहरुको लेखापरीक्षण गरी छुट्टै प्रतिवेदन तयार गर्ने योजना अनुसार समेत कार्य भईरहेको छ। भविष्यमा पनि यस्तै जनसरोकार र सार्वजनिक महत्वका क्षेत्रहरुमा केन्द्रित रही लेखापरीक्षण गर्ने नीति रहेको छ।

हामीले यसबर्ष देखि पूर्णरुपमा जोखिममा आधारित लेखापरीक्षण पद्दतिलाई अंगीकार गरेकाछौं सार्वजनिक निकायहरुलाई जोखिमको आधारमा वर्गीकरण गरी उच्च जोखिमका निकायको विस्तृत लेखापरीक्षण गर्ने, मध्यम जोखिमका निकायको छनौट गरिएको कारोबारको मात्र परीक्षण गर्ने र न्यून जोखिमका निकायको वित्तीय विवरणहरु परीक्षण गरी प्रमाणित गर्ने नीति लिइएको छ। यसैगरी उच्च र मध्यम जोखिमका निकायहरुको स्थलगत लेखापरीक्षण गर्ने र न्यून जोखिमका निकायहरुको दुर लेखापरीक्षण (Remote Audit) को प्रक्रिया अपनाउने नीति लिइएको छ । दुर लेखापरीक्षणको पद्दति विद्युतिय प्रणालीमा आधारित Faceless/Paperless पद्दति हो । यो पद्दति उच्च र मध्यम जोखिमका निकायहरुको कारोबार परीक्षणमा पनि प्रयोग गर्न सकिन्छ। अहिलेको कोभिड १९ को महामारीको विषम परिस्थितिमा भौतिक रुपमा स्थलगत लेखापरीक्षण गर्न नसकिने अवस्था भएमा यस विधिबाट समेत बाँकी रहेको लेखापरीक्षण कार्य सम्पन्न गर्ने हाम्रो सोच रहेको छ। त्यसैले अब भविष्यको लेखापरीक्षणको तरिका विद्युतिय र कागजरहित लेखापरीक्षण हो भन्ने सबैले आत्मासाथ गर्नुपर्ने देखिएको छ।

स्थानीय तहको लेखापरीक्षणको कार्य पर्याप्त समय दिई उच्च गुणस्तर कायम गर्दै समयमा सम्पन्न गर्नु आफैंमा चूनौतीपूर्ण बन्दै गएको छ । हामी अहिले काठमाण्डौंमा रहेको कार्यालयबाट जिल्ला जिल्लामा पटके टोली खटाई कार्य सम्पादन गरिरहेका छौं। कोरोना महामारी जस्ता विषम परिस्थितिजन्य अवस्थामा काठमाण्डौंबाट मात्र कार्यसम्पादन गर्ने प्रयास सार्थक र साध्य नहुने यस बर्षकै लेखापरीक्षणको अनुभवबाट सिद्ध भएको छ । अहिले दुर्गम जिल्लाहरुमा खटाएका लेखापरीक्षण टोलीहरु मध्ये कोरोना संक्रमणका कारण कतिपय स्थानमा काम सम्पन्न नगरी फर्कनु परेकोले ती स्थानमा पूनः टोली खटाउनुपर्ने अवस्था आएको छ। कतिपय कर्मचारीलाई काठमाण्डौं सम्म उद्धार गर्नु परेको छ। देशभरका तीनै तहका सरकार र त्यस अन्तर्गतका निकायहरुको लेखापरीक्षण कार्य सम्पन्न गर्न काठमाण्डौंमा आधारित कार्यालयबाट मात्र संभव देखिदैन । प्रदेशतहमा समेत कार्यालयहरु स्थापना गर्ने प्रयोजनका लागि संगठन तथा व्यवस्थापन सर्वेक्षण भई नेपाल सरकारमा पेश भईसकेको छ । त्यसैले यथाशिघ्र प्रदेशस्तरमा कार्यालय स्थापना गरी संचालनमा ल्याउने तर्फ समेत ध्यान केन्द्रित गरिने छ।

**प्रिय कर्मचारी मित्रहरु,**

महालेखापरीक्षकको कार्यालयबाट विगत बैसठ्ठी बर्ष देखि लेखापरीक्षण गरि हाल सम्म सन्ताउन्न वटा बार्षिक प्रतिवेदनहरु पेश भईसकेका छन् । मेरो आफ्नै कार्यकालको तीनवटा वार्षिक प्रतिवेदन पेश भई चौथौ प्रतिवेदन तयारीको चरणमा रहेको छ। प्रदेश सरकार र स्थानीय तहका दुईबर्षका प्रतिवेदन जारी भईसकेका छन् । तर प्रतिवेदनमा दिईएका सुझावहरुको उचित कार्यान्वयनको कमीले वित्तीय प्रशासन र आर्थिक अनुशासन पालनामा आशातित सुधार हुन अझै बाँकी छ। महालेखापरीक्षकका वार्षिक प्रतिवेदन र निकायगत रुपमा जारी हुने लेखापरीक्षण प्रतिवेदनहरुको कार्यान्वयनको अवस्था सन्तोषजनक

रहेको छैन । एकै प्रकृतिका व्यहोराहरु बर्षौ देखि दोहोरिदै आएका छन् । सार्वजनिक निकायहरुबाट ती विषयहरु सम्बोधन गर्न उपयुक्त खालको कानूनी तथा नीतिगत सुधारका लागि प्रभावकारी प्रयास हुनुपर्ने देखिन्छ । यस्तो परिस्थितिमा सुधारका लागि लेखापरीक्षण प्रतिवेदनको कार्यान्वयन पक्षलाई प्रभावकारी बनाउनु जरुरी छ । यसको लागि लेखापरीक्षण ऐनमा रहेका प्रावधानहरुको कडाईका साथ पालना गराउन विशेष पहल गरिनेछ ।

त्यस्तै महालेखापरीक्षकको कार्यालयमा पनि लेखापरीक्षणका व्यहोरा कार्यन्वयनको अवस्था बारे नियमितरुपमा अनुगमन गर्न सशक्त अनुगमन तथा फछ्र्यौट ईकाईको व्यवस्था गरिनेछ । महालेखापरीक्षकको आगामी वार्षिक प्रतिवेदनमा विगतका लेखापरीक्षण प्रतिवेदनहरुको कार्यान्वयन स्थितिलाई विशेष रुपमा सम्बोधन गरिने छ । लेखापरीक्षण ऐन बमोजिम महालेखापरीक्षकले कुनै सार्वजनिक पदाधिकारीले वित्तीय जवाफदेहिता बहन गरे नगरेको सम्बन्धमा लेखापरीक्षणका मान्य सिद्धान्त बमोजिम परीक्षण गर्न सक्ने भएकोले वित्तीय जवाफदेहिता निर्वाहको मूल्यांकन गर्दै कार्यालय र जिम्मेवार पदाधिकारीको वर्गीकरण पश्चात् प्रतिवेदन मार्फत सार्वजनिक गर्ने व्यवस्था मिलाईने छ । यसैगरी सार्वजनिक पदमा बहाल रहेका पदाधिकारीलाई विशेष जिम्मेवारी दिनुपर्दा आर्थिक अनुशासन र वित्तीय जवाफदेहिता पालनाको स्तर समेतलाई आधार लिने व्यवस्था मिलाउन आवश्यक पहलकदमी गरिनेछ ।

हामीले केही कानूनी तथा नीतिगत व्यवस्थामा समेत परिमार्जन गर्नु जरुरी देखिएको छ । हामी तेश्रो रणनीतिक योजना सम्पन्न गरी अहिले चौथो रणनीतिक योजना तयारीको चरणमा रहेको छौं । केही समय भित्र नै चौथो रणनीतिक योजना कार्यान्वयनमा आउने छ । सो रणनीतिक योजनामा लेखापरीक्षणको गुणस्तर अभिवृद्धि, स्वायतत्ता तथा आन्तरिक सुशासन, संस्थागत र पेशागत क्षमता विकास र सरोकालवालाहरुसँगको सम्बन्ध सुधार जस्ता विषयहरु समावेश गरिएका छन् । यस्तै सर्वोच्च लेखापरीक्षण संस्थाहरुको कार्यसम्पादनको आवधिक रुपमा मूल्यांकन गर्ने प्रचलन अनुसार थाईल्याण्डको सर्वोच्च लेखापरीक्षण संस्थाबाट हाम्रो कार्यसम्पादन मूल्यांकन भई सोको मस्यौदा प्रतिवेदन प्राप्त भएको छ । अबको केही समय पश्चात् सोको अन्तिम प्रतिवेदन समेत प्राप्त हुनेछ । कार्यालयलाई प्राप्त भएको मस्यौदा प्रतिवेदन अनुसार हाम्रो विगतको कार्यसम्पादन स्थिति उच्चस्तर र सन्तोषजनक रहेको छ भने केही क्षेत्रमा विशेष सुधार गर्नुपर्ने देखिएको छ । उक्त प्रतिवेदनले औंल्याएका मध्ये उच्चस्तरको कार्यसम्पादन भएका क्षेत्रको उच्च अंक कायम गर्दै न्यून अंक प्राप्त भएका क्षेत्रलाई सुधार गर्न सबैको साझा प्रयत्न र पहलकदमी हुनुपर्दछ ।

**प्रिय कर्मचारी मित्रहरु,**

नीतिगत सुधारको सन्दर्भमा आर्थिक कार्यविधि तथा वित्तीय जवाफदेहिता ऐन, २०७६ र लेखापरीक्षण ऐन, २०७५ तर्जुमा भई कार्यान्वयनमा आएको छ । लेखापरीक्षण ऐनका प्रावधानहरुलाई व्यवस्थित तरिकाले कार्यान्वयनमा ल्याउन लेखापरीक्षण नियमावली तर्जुमाको प्रक्रियामा रहेको छ । यसैगरी लेखापरीक्षण सेवाका कर्मचारीहरुको सेवा संचालनको लागि छुट्टै नेपाल लेखापरीक्षण सेवा (गठन, श्रेणी विभाजन र नियुक्ती) नियमहरु, २०७७ तर्जुमा भई कार्यान्वयनमा आएको छ । आगामी दिनमा यस

नियमावलीमा थप परिमार्जन गरी लेखापरीक्षण सेवाका कर्मचारी परिचालन, शीप तथा क्षमता विकास, उत्प्रेरणागत प्रोत्साहन प्रणाली, पेशागत आचरण र व्यवहारगत पक्ष, वृत्ति विकासका अवसर लगायतका विषयहरु समावेश गरी थप व्यवस्थित गरिने छ। यसका अलवा कार्यालयको आन्तरिक सुशासन प्रणाली सुदृढ गर्न आन्तरिक कार्यसंचालन कार्यविधि तर्जुमा गरी कार्यान्वयनमा ल्याइएको छ।

हामीले सर्वोच्च लेखापरीक्षण संस्थाको अन्तराष्ट्रिय संगठनले जारी गरेका लेखापरीक्षणमानहरुलाई अनुसरण गर्दै नेपाल सरकारी लेखापरीक्षणमान जारी गरेका छौं। यस लेखापरीक्षणमानलाई कार्यान्वयन गर्न वित्तीय, परिपालना र कार्यमुलक लगायतका मार्गदर्शनहरु तयारी एवं अद्यावधिक गर्ने कार्यहरु भईरहेका छन्। यसैगरी लेखापरीक्षणलाई अन्तर्राष्ट्रियस्तर अनुरुपको बनाउन ईन्टोसाई मानदण्ड ग्रहण गरी २०७७ श्रावण देखि कार्यान्वयनमा ल्याईएको छ। यसबाट नेपालको सार्वजनिक लेखापरीक्षण अन्तर्राष्ट्रियस्तर अनुरुप हुने विश्वास लिएको छु। महालेखापरीक्षकको कार्यालयको संस्थागत क्षमता विकास तथा प्रशासकीय र वित्तीय स्वायतता हासिल गर्न आवश्यक कानूनी र नीतिगत व्यवस्था गरिने छ। त्यस्तै सरकारी लेखापरीक्षण अनुसन्धान तथा विकास र संस्थागत स्मरणको लागि लेखापरीक्षण अनुसन्धान तथा अभिलेखालय (Audit Research & Archive Center), जनशक्ति विकासको लागि सुविधा सम्पन्न लेखापरीक्षण उत्कृटता केन्द्र (Audit Excellence Centre) तथा सूचना प्रविधि केन्द्रको (Information Technology Centre) स्थापनाका साथै लेखापरीक्षण गुणस्तर आश्वस्तता ईकाइलाई थप सुदृढ र प्रभावकारी बनाईने छ।

संवैधानिक निकायहरु, नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तहहरु बीच यथोचित् समन्वय गरी वित्तीय प्रशासनमा सुधार तथा आर्थिक अनुशासन कायम गर्नमा सहयोग पुऱ्याइने छ। संघीय संसद तथा विभिन्न संसदीय समितिहरु, प्रदेशसभा तथा यसका समितिहरु र स्थानीय तह लगायतका सबै निकायहरुसँग नियमित अन्तरक्रिया र छलफलको माध्यमबाट कार्यगत सम्बन्ध विस्तार गरिने छ। साथै लेखापरीक्षणको प्रभाव अभिवृद्धि गर्न नागरिक समाज लगायतका सरोकारवाला निकाय तथा संस्थाहरुसँग सहकार्य गरिनेछ। त्यस्तै सार्वजनिक संस्थान तथा प्रतिष्ठानहरु तर्फ सरकारको ठूलो लगानी भएकोले त्यस्ता निकायहरुको लेखापरीक्षण मार्फत वित्तीय अनुशासन पालना तथा जिम्मेवारी र जवाफदेहिता प्रबर्द्धनमा विशेष पहल गरिनेछ।

हाम्रो कार्यालयको कमजोर भौतिक सुविधाको कारणले कर्मचारीहरु उत्साहित भएर काम गर्ने वातावरणको कमी रहेको मैले महसुस गरेको छु। हाल बबरमहल, पुल्चोक लगायत छ वटा स्थानबाट कार्यालय संचालन एवं व्यवस्थापन भएता पनि कोरोना महामारीको अवस्थाले स्थान अभाव भई सामाजिक दुरी कायम गर्नमा समेत कठीनाई भएको छ। मैले जिम्मेवारी सम्हाले देखि नै कार्यालय भवन बनाउने कार्यलाई उच्च प्राथमितामा राख्दै आएकोमा कोरोना महामारीका कारणले निर्माण कार्य सम्पन्न गर्न पूनः केही समय ढिला हुने देखिएको छ। तथापी निकट भविष्यमा छिटै नै उचित कार्य वातावरण सहित सुविधा सम्पन्न भवनबाट कार्य संचालन गर्ने अपेक्षा लिएको छु। आगामी दिनहरुमा हाम्रो जनशक्तिको क्षमता विकास र कामप्रति उत्प्रेरणा, पर्याप्त भौतिक पूर्वाधारको व्यवस्था र नविनतम् प्रविधिको प्रयोगद्वारा

विद्यमान कार्यप्रणालीमा व्यापक सुधारका रणनीतिले यस्ता चूनौती सामना गर्न सकिनेमा मेरो विश्वास रहेको छ ।

**प्रिय कर्मचारी मित्रहरु,**

महालेखापरीक्षकको कार्यालय मार्फत सार्वजनिक निकायहरुमा आर्थिक अनुशासनको पालना र सुशासन प्रबर्द्धन गर्न/गराउन मद्दत पुग्ने मेरो मान्यता रहेको छ । हामी देशको सर्वोच्च लेखापरीक्षण संस्थामा काम गर्ने जनशक्ति भएकाले हाम्रो पेशागत व्यवहार र हामीले गरेको काममा कुनै खोट देखिनु हुदैंन । आफ्नो र संस्थाको विश्वसनियता अभिवृद्धि गर्न हाम्रा मूल्य र मान्यताहरुमा सम्झौता नगरी तोकिएको आचारसंहिताको पूर्णपालना गर्नमा सबैको ध्यान जानेछ भन्ने मेरो अपेक्षालाई पुनः दोहोऱ्याउन चाहन्छु । सरकारी लेखापरीक्षण केवल हिसाब किताब मिले नमिलेको हेर्ने र बील भर्पाइ जाँच गर्ने प्रक्रिया मात्र होइन । यो शासकीय प्रणालीको शुद्धताको जाच्ने संयन्त्र समेत हो । यसले शासकीय प्रणालीमा रहेका विकृती र विसंगतीहरुलाई उजागर गरी निर्मूल गर्ने प्रयत्न गर्दछ । यस्तो गहन जिम्मेवारी पाएका हामीले यहि अवधारणा अनुसार कार्यसम्पादन गरेमा हाम्रो शासकीय प्रबन्धमा रहेका कमी कमजोरीहरु समाप्त गर्न समेत हाम्रो महत्वपूर्ण योगदान रहनेमा म विश्वस्त रहेको छु ।

मैले महालेखापरीक्षकको जिम्मेवारी सम्हालेको चार बर्ष व्यत्तित भई पाचौं बर्षमा प्रवेश गर्दा मेरो छ बर्षे कार्यकालको दुई तिहाइ कार्यावधी समाप्त भई अव एकतिहाई अवधी मात्र बांकी रहेको छ। मैले महालेखापरीक्षकको जिम्मेवारी लिंएपछि नेपालको वित्तिय प्रशासनमा सुधार तथा आर्थिक अनुशासन पालना र सुशासनमा योगदान पुरयाउने अठोट सहितको प्रतिबद्धताका साथ यो कार्यभार सम्हालेको हो। आज पनि मैले जिम्मेवारी लिदाका बखतको प्रतिबद्धता, उत्साह, जोश, जाँगर र हौसलामा कुनै कमी आउन दिएको छैन । मैले मेरो ज्ञान, शीप, अनुभव र समय पूर्णरुपमा महालेखापरीक्षकको काम कर्तव्य प्रति समर्पित रहनेगरी यो जिम्मेवारी लिएको हुदांमेरो कार्यकालमा यस संस्थाले मेरो क्षमताको पूर्णरुपमा उपयोग गर्न सकोस भन्ने मेरो चाहना रहेको छ । मेरो बांकी कार्यावधी मैले यो जिम्मेवारी लिंदाको प्रतिबद्धता अनुसार निर्वाह गर्ने आश्वस्तता ब्यक्त गर्दै तपाईहरुको सहयोग र सदभाव सदाझै प्राप्त हुने बिश्वास लिएको छु ।

यो चार बर्षको अवधिमा मेरो कार्यसम्पादनका क्रममा मलाई सहयोग, सल्लाह र सुझाव प्रदान गर्नु हुने सबै संवैधानिक तथा सरकारी निकायका पदाधिकारीहरु, संघीय संसदका समितिहरु, प्रदेशसभा तथा त्यसका समिति र प्रदेश सरकारका पदाधिकारीहरु, स्थानीय तहका पदाधिकारीहरु, अन्तराष्ट्रिय तथा क्षेत्रीयस्तरका सर्वोच्च लेखापरीक्षण संस्थाका छाता संगठनहरु, विकास साझेदार, पारदर्शिता र जवाफदेहिताको क्षेत्रमा कार्यरत राष्ट्रिय तथा अन्तराष्ट्रिय संस्थाहरु, आम संचारकर्मी र लेखापरीक्षण सल्लाहकार समिति, कार्यालयका सबै कर्मचारीहरु लगायत सबै सहयोगी महानुभावहरुमा हार्दिक आभार व्यक्त गर्दै आगामी दिनमा समेत सहयोगको अपेक्षा गरेको छु ।

अन्तमा, हामी अहिले कोभिड-१९ को महामारीको चपेटामा छौ । यस्तो विषम परिस्थितिमा समेत हाम्रा केही कर्मचारीहरु अझैसम्म मोफसलका जिल्लाहरुमा कष्ठपूर्ण तवरले लेखापरीक्षणको कार्यमा तल्लिनरहेका छन् । म उहाँहरुको आफ्नो जिम्मेवारी प्रतिको लगनशीलताको उच्च कदर गर्दै कुनै पनि बेला असहज परिस्थिति भएमा कार्यालय व्यवस्थापनसँग समन्वय गरी काठमाण्डौं फर्कन आग्रह गर्दछु । दुर्गम जिल्लामा लेखापरीक्षण कार्यमा खटिएका कर्मचारीहरु कोरोनाको संक्रमणमा परी अशक्त भएपछि हेलिकोप्टरको माध्यमबाट समेत उद्धार गरिएको छ । कार्यालयको काममा खटिएका कर्मचारीको उद्धार तथा स्वास्थ्य उपचारमा कार्यालय अतिनै संवेदनशील रहेको व्यहोरा जानकारी गराउन चाहन्छु ।

संसारलाई जित्ने मानवजाती कोरोनारोगको अगाडी नतमस्तक बन्नु परेको छ । कोभिड १९ ले हामी सबै एकअर्कामा समान र अन्तरनिर्भर छौं भन्ने मानवियताको महत्वपूर्ण पाठ सिकाएको छ । यस अवस्थामा जीवन रक्षाको लागि आपसी सहयोग र सद्भाव अति आवश्यक भएकोले कर्मचारीहरु बीचमा समेत एकापसमा आवश्यक सहयोग आदान प्रदान गर्नको लागि अनुरोध गर्दछु । त्यसै गरी कुनै कर्मचारी आफै वा परिवारका सदस्य बिरामी परी आफनो व्यक्तिगत पहल र प्रयासबाट समाधान हुन नसक्ने कुनै समस्या आईपरेमा कार्यालय व्यवस्थापनमा सम्पर्क र समन्वय गरी आवश्यक सहयोग लिनको लागि समेत आग्रह गर्दछु ।

सानो लापर्वाही, बेपर्वाह वा बेवास्ता गरेमा यस रोगले कसैलाई पनि नछोडेको दिनानु दिनका घटनाबाट सिद्ध भएको छ । हामीले जनस्वास्थ्यका तोकिएका न्यूनतम् मापदण्ड पालना गरिएमा यस अदृष्य शत्रुलाई अवस्य परास्त गर्न संभव हुने देखिएकाले अहिलेको परिस्थितिमा निश्चित जनस्वास्थ्यका मापदण्ड र सामाजिक दूरीको नियम पालना गर्दै घरभित्रै रहेर व्यक्तिगत र व्यवसायीक जिम्मेवारी पुरा गरौं । हामी सबैको साझा प्रयास र आपसी समन्वयद्वारा कोभिड १९ लाई परास्त गर्न गरौं । यसको संक्रमणको भयबाट सदाको लागि मुक्त भई हामी चांडै नै पुनः सामान्य जीवनमा फर्की सदा झै एकापसमा भेटघाट गरी काममा जुट्न सकौं भन्ने अपेक्षा सहित यहाँहरु सम्पूर्णमा आभार तथा धन्यवाद व्यक्त गर्दछु ।

**तपाई र तपाईको परिवारमा सुस्वास्थ्यको लागि हार्दिक शुभकामना ॥**

धन्यवाद ॥

(टंकमणि शर्मा, दंगाल)
महालेखापरीक्षक

मितिः जेष्ठ ८, २०७८